नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं
र
नेपाल चार्टड एकाउण्टेण्टस् संस्था
ललितपुर
बिच भएको
आपसी समझदारी पत्र

देहायका क्षेत्र एवम् सर्तहरूको अधीनमा रही महालेखा नियन्त्रक कार्यालय (यसपछि पहिलो पक्ष भनिएको) र नेपाल चार्टड एकाउण्टेण्टस् संस्था (यसपछि दोस्रो पक्ष भनिएको) बिच आर्थिक कारोबारको लेखाङ्कन, प्रतिवेदन, आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षण लगायत सार्वजनिक वित्त व्यवस्थानका क्षेत्रमा आपसी सहयोग, एवम् सहकार्य गर्न यो समझदारी गरिएको छ।

**१. सहकार्यका क्षेत्रहरुः**

**क. लेखांकन र प्रतिवेदन**

- नेपालको कानुनी प्रावधान अनुसार बजेटरी निकाय र गैर बजेटरी निकायहरुको आर्थिक कारोबारको लेखाङ्कन र प्रतिवेदनको सम्बन्धमा अन्तर्राष्ट्रिय असल अभ्यास र मापदण्ड अनुरुपको मापदण्ड विकास र कार्यान्वयन गर्ने सम्वन्धी ।
- नेपाल लेखामान बोर्ड समेतको संलग्नतामा नगदमा आधारित सार्वजनिक क्षेत्र लेखामान (NPSAS-Cash) अद्यावधिक र प्रोदभावी लेखामा आधारित सार्वजनिक क्षेत्र लेखामान (NPSAS-Accrual) विकास गर्ने सम्वन्धी।
- नगदमा आधारित लेखा प्रणालीबाट प्रोदभावि लेखा प्रणालीमा रुपान्तरणको लागि आधार निर्माण गर्न सरकारी लेखांकन र प्रतिवेदनको लागि आवश्यक पर्ने फारामहरु विकास र परिमार्जन सम्वन्धी।

**ख. आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षण**

- तिनै तहका सार्वजनिक निकायहरुमा आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०८१ अनुसार आन्तरिक नियन्त्रण प्रणाली निर्माण र कार्यान्वयनको लागि सार्वजनिक निकायहरुलाई संयुक्तरुपमा सहजीकरण गर्ने सम्वन्धी ।
- आन्तरिक लेखापरीक्षण कार्यलाई थप प्रभावकारी र व्यवसायिक बनाउन आवश्यक अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपका आन्तरिक लेखापरीक्षण सम्बन्धी मापदण्ड/दिग्दर्शन परिमार्जन, विकास र कार्यान्वयन गर्ने सम्वन्धी।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
२०५३

**ग. अध्ययन, अनुसन्धान र मापदण्ड विकास तथा परिमार्जन**

- सार्वजनिक वित्त व्यवस्थापनमा गर्नुपर्ने सुधार सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान सम्बन्धी।
- वित्तीय सुशासन कायम गर्न आवश्यक नीति, नियम,मापदण्ड परिमार्जन तथा विकास गर्ने सम्बन्धी ।

**घ. क्षमता विकास र छलफल**

- लेखांकन, प्रतिवेदन, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक लेखापरीक्षण लगायत सार्वजनिक वित्त व्यवस्थापनका विभिन्न क्षेत्रमा क्षमता विकास सम्वन्धी।
- पहिचान भएको आवश्यकताका आधारमा छोटो तथा लामो अवधिको तालिम मोडुलको विकास सम्वन्धी।
- विकसित मोडुलको आधारमा वित्त व्यवस्थापन सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षमता विकासका कार्यक्रमहरुको सम्वन्धी।

२. सार्वजनिक वित्त व्यवस्थापनलाई सुदृढ बनाउन दुबै पक्षको आपसी सहमती बमोजिम नवप्रवर्तनका कार्यहरु, ईन्टर्नसीप, तथ्याङ्कको प्रयोगमा सहजीकरण, सिकाइ सिप आदानप्रदान र नियमित संवाद तथा गोष्ठी लगायतका कार्यक्रमहरु सञ्चालन सम्वन्धी।

**३. नियम र सर्तहरु**

**क. समन्वय समिति**

यस समझदारी पत्र बमोजिमको कार्यमा आवश्यक सहजीकरण र समन्वय गर्न देहायबमोजिमको समन्वय समिति रहनेछ।

| | | | |
|---|---|---|---|
| १ | सह-महालेखा नियन्त्रक | मानवस्रोत व्यवस्थापन महाशाखा, म.ले.नि.का. | संयोजक |
| २ | परिषद सदस्य | नेपाल चार्टडर्स एकाउण्टेण्टस् संस्था | सदस्य |
| ३ | सदस्य | नेपाल लेखामान बोर्ड | सदस्य |
| ४ | उप-महालेखा नियन्त्रक | म.ले.नि.का., कोष व्यवस्थापन तथा सुचना प्रविधि महाशाखा अन्तर्गत, | सदस्य |
| ५ | उप-महालेखा नियन्त्रक | म.ले.नि.का., मानवस्रोत व्यवस्थापन महाशाखा अन्तर्गत | सदस्य |
| ६ | उप-महालेखा नियन्त्रक | म.ले.नि.का., बजेट, आन्तरिक लेखापरीक्षण, सम्पत्ति तथा दायित्व महाशाखा अन्तर्गत, | सदस्य |
| ७ | कार्यकारी निर्देशक | नेपाल चार्टडर्स एकाउण्टेण्टस् संस्था | सदस्य |
| ८ | निर्देशक | नेपाल चार्टडर्स एकाउण्टेण्टस् संस्था | सदस्य |
| ९ | उप-महालेखा नियन्त्रक | लेखा सुदृढीकरण तथा योजना, म.ले.नि.का. | सदस्य-सचिव |

- समन्वय समितिका संयोजकको अनुमतिमा वैठकको कार्यसूची सहित सदस्य-सचिवले वर्षको कम्तिमा दुई पटक समितिको वैठक बोलाउनेछ।
- समन्वय समितिको बैठकमा बैठकको कार्यसूचीसँग सम्बन्धित निकायका प्रतिनिधि तथा विषय विज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

- यस समझदारीपत्र बमोजिमको कार्य गर्न आवश्यकतानुसार विषयगत उपसमितिहरु गठन गर्न सकिनेछ।

**ख. वित्तीय प्रवन्ध**

- यस समझदारी पत्रले दुबै पक्षमा कुनै पनि प्रकारको दायित्व सिर्जना गर्ने छैन।
- समझदारी पत्र कार्यान्यनको क्रममा गर्नु पर्ने कार्यको लागि कुनै लागत लाग्ने भएमा प्रचलित कानुन अनुसार दुवै पक्षको विचमा अलग्गै सम्झौता गरी कार्यान्वयन गरिने छ ।

**ग. समझदारी पत्रको अवधि**

- यो समझदारी पत्रको अवधि पाँच वर्षको हुनेछ र दुवै पक्षको सहमतिमा अवधि थप गर्न सकिनेछ।

**घ. समीक्षा र संशोधन**

- समझदारी पत्रको कार्यान्वयन तथा सहकार्यका क्षेत्रमा वार्षिक रुपमा समीक्षा गरी समझदारी पत्रमा आवश्यक संशोधन र परिमार्जन गर्न सकिनेछ ।

**ङ. गोपनियता**

- समझदारी पत्र कार्यान्वयनको क्रममा एक आपसमा आपदान प्रदान भएको संवेदनशील सूचना र तथ्य/तथ्याङ्कहरूको गोपनीयता कायम गर्नु दुवै पक्षको जिम्मेवारी र कर्तव्य हुनेछ । यदि कुनै पक्षद्वारा यस्तो गोपनीयता भंग भएमा समझदारीपत्र स्वतः रद्ध हुनेछ ।

**च. समझदारीको अन्त्य**

- यस समझदारी पत्र बमोजिमको अवधि समाप्त भई समयावधि थप नभएमा यो समझदारी पत्र स्वत: अन्त्य भएको मानिनेछ ।
- कुनै पक्षलाई यो समझदारी पत्र निरन्तरता गरिरहनु पर्ने आवश्यकता महसुस नभएमा १५ दिनको जानकारी दिई यो समझदारी पत्रको अत्य गर्न सकिनेछ ।

महालेखा नियन्त्रक कार्यालयको तर्फबाट

०८२/०१/२२

नाम : सुशीला अर्याल

पद: सह महालेखा नियन्त्रक

मिति:

नेपाल चार्टर्डर्स एकाउण्टेण्टस संस्थाको तर्फबाट

नाम : प्रवीण कुमार झा

पद: अध्यक्ष

मिति: २०८२/०१/२२

रोहबर

नामः डा. महेन्द्रप्रसाद पाण्डेय

पदः महालेखा नियन्त्रक

मितिः २०८२/०१/२२

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं